# लघुवित्त वित्तीय संस्थाहरुको गैर-स्थलगत सुपरिवेक्षण प्रतिवेदन

## आर्थिक वर्ष २०७९/८०

## चौथो त्रयमास - २०८० असार

नेपाल राष्ट्र बैंक
लघुवित्त संस्था सुपरिवेक्षण विभाग
बालुवाटार, काठमाडौं

**खण्ड (१)**

## १.	परिचय उद्देश्य तथा संख्यात्मक विवरण

१.१	परिचय

१.२	उद्देश्य

१.३.	प्रमुख संख्यात्मक विवरण

**खण्ड (२)**

## २.	लघुवित्त वित्तीय संस्थाहरुको त्रैमासिक स्थिति

**खण्ड (३)**

## ३.	निर्देशन पालना स्थिति

# खण्ड (१)

## परिचय तथा उद्देश्य

### १.१. परिचय

२०७९ असार मसान्तसम्ममा ६५ वटा "घ" वर्गका लघुवित्त वित्तीय संस्थाहरु रहेकोमा मिर्मिरे लघुवित्त वित्तीय संस्था लि. र बुद्धज्योती लघुवित्त वित्तीय संस्था लि., सिवाईसी लघुवित्त वित्तीय संस्था लि. र आँधीखोला लघुवित्त वित्तीय संस्था लि., साना किसान लघुवित्त वित्तीय संस्था लि. र आरएमडिसी लघुवित्त वित्तीय संस्था लि., धौलागिरी लघुवित्त वित्तीय संस्था लि. र खप्तड लघुवित्त वित्तीय संस्था लि., आशा लघुवित्त वित्तीय संस्था र राष्ट्र उत्थान लघुवित्त वित्तीय संस्था लि., विजय लघुवित्त वित्तीय संस्था लि. र नयाँ सारथी लघुवित्त वित्तीय संस्था लि., नेशनल लघुवित्त वित्तीय संस्था लि. र समिट लघुवित्त वित्तीय संस्था लि., डिप्रोक्स लघुवित्त वित्तीय संस्था लि. र आदर्श लघुवित्त वित्तीय संस्था लि. प्राप्ति तथा मर्जरमा गएपश्चात् यस बैंकको सुपरिवेक्षकीय दायराभित्र २०८० असार मसान्तसम्म ५७ वटा लघुवित्त वित्तीय संस्थाहरु संचालनमा रहेका छन् । उक्त लघुवित्त वित्तीय संस्थाहरुले यस विभागमा पेश गरेको आर्थिक वर्ष २०७९/८० को चौथो त्रयमाससम्मको अपरिष्कृत वित्तीय विवरणको आधारमा नेपाल राष्ट्र बैंक निरीक्षण तथा सुपरिवेक्षण विनियमावली २०७४ को परिच्छेद ५ बमोजिम गैर-स्थलगत सुपरिवेक्षण (Off-site Supervision) गरी समग्र वित्तीय स्थितिको विश्लेषण तथा निर्देशन पालनाको अवस्था सहितको प्रतिवेदन प्रस्तुत गरिएको छ ।

### १.२. उद्देश्य

(क) यस बैंकबाट वित्तीय कारोवार गर्न इजाजतपत्रप्राप्त "घ" वर्गका लघुवित्त वित्तीय संस्थाहरुको समग्र वित्तीय अवस्थाको विश्लेषण एवम् मूल्याङ्कन गर्ने ।

(ख) गैर-स्थलगत सुपरिवेक्षणबाट प्राप्त पूर्वसावधानी संकेत (Early Warning Signals) को आधारमा स्थलगत निरीक्षणको लागि सूचना प्राप्त गर्ने ।

(ग) लघुवित्त वित्तीय संस्थाहरुबाट प्राप्त वित्तीय विवरण एवम् अन्य कागजातहरूको अध्ययनको आधारमा प्रचलित नियम कानून तथा निर्देशनहरुको पालना भए/नभएको यकिन गर्ने ।

### १.३. सीमा

(क) प्रतिवेदनमा २०८० असार मसान्तमा संचालनमा रहेका लघुवित्त वित्तीय संस्थाहरुको अपरिष्कृत वित्तीय विवरणहरु समावेश गरिएको छ ।

(ख) अनुपालनाको सन्दर्भमा यस बैंकबाट इजाजतपत्रप्राप्त "घ" वर्गका लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको निर्देशन, २०७९ मा भएको व्यवस्थाको अनुपालना स्थितिलाई उल्लेख गरिएको छ ।

# खण्ड (२)
## लघुवित्त वित्तीय संस्थाहरुको त्रैमासिक स्थिति

### २.१ पहुँच


लघुवित्त वित्तीय संस्थाहरुको संख्या पछिल्लो समयमा मर्जर तथा एक्विजिसनका कारण घट्दो क्रममा रहेको र शाखा विस्तारको क्रम पनि पछिल्लो समयमा सुस्त नै रहेको देखिन्छ । २०७९ असार मसान्तसम्ममा ६५ वटा लघुवित्त वित्तीय संस्थाहरु रहेकोमा २०८० असार मसान्तसम्ममा उक्त संख्या घटेर ५७ कायम भएको छ । ५७ वटा लघुवित्त वित्तीय संस्थाहरु मध्ये ३ वटा थोक कर्जा प्रदायक संस्था रहेका छन् भने बाँकी ५४ वटा खुद्रा कर्जा प्रवाह गर्ने लघुवित्त संस्थाहरु रहेका छन् । लघुवित्त वित्तीय संस्थाहरुको शाखा संख्या २०७९ असारको तुलनामा २०८० असार मसान्तमा ०.२२ प्रतिशतले वृद्धि भई ५ हजार ७३ पुगेको छ । सो अवधिमा लघुवित्त वित्तीय संस्थाहरुको सदस्य संख्या २.६७ प्रतिशतले वृद्धि भई ६० लाख १६ हजार र ऋणी संख्या ९.६५ प्रतिशतले घटेर २९ लाख ८४ हजार पुगेको छ ।

**तालिका २.१: लघुवित्त वित्तीय संस्थाहरुको पहूँच स्थिति**

| विवरण | २०७८ असार (१) | २०७९ असार (२) | २०८० असार (३) | प्रतिशत परिवर्तन (२-१)/(१) *१०० | प्रतिशत परिवर्तन (३-२)/(२) *१०० |
|---|---|---|---|---|---|
| कुल संस्था संख्या | ७० | ६५ | ५७ | -७.१४ | -१२.३१ |
| कुल शाखा संख्या | ४,६२१ | ५,०६२ | ५,०७३ | ९.५४ | ०.२२ |
| कार्य क्षेत्र रहेको जिल्ला | ७७ | ७७ | ७७ | ०.०० | ०.०० |
| कुल केन्द्र संख्या (हजारमा) | ३६३ | ४२९ | ४४६ | १८.१३ | ३.९४ |
| कुल समूह संख्या (हजारमा) | १,१८३ | १,३५२ | १,३९१ | १४.२३ | २.८८ |
| कुल सदस्य संख्या (हजारमा) | ५,१९१ | ५,८६० | ६,०१६ | १२.८७ | २.६७ |
| कुल ऋणी संख्या (हजारमा) | २,९९२ | ३,३०३ | २,९८४ | १०.४० | -९.६५ |
| कुल कर्मचारी संख्या | २०,८७२ | २३,३०३ | २२,४९३ | ११.६५ | -३.४८ |
| राष्ट्रिय स्तरका संस्था* | ४७ | ४६ | ४२ | | |
| क्षेत्रीय/जिल्ला स्तरका संस्था | ८ | ६ | ४ | | |
| प्रादेशिकस्तरका संस्था | १५ | १३ | ११ | | |

**उपरोक्त राष्ट्रिय स्तरका संस्थाहरुमध्ये थोक कर्जा प्रदायक संस्थाहरुको संख्या ३ रहेको छ ।*

**चार्ट २.१: प्रदेशगत रुपमा लघुवित्त वित्तीय संस्थाको शाखा उपस्थिति (प्रतिशतमा)**




प्रदेशगत रुपमा लघुवित्त वित्तीय संस्थाको शाखाहरु लुम्बिनी प्रदेशमा सबैभन्दा बढी रहेको देखिन्छ । २०८० असार मसान्तसम्ममा उक्त प्रदेशमा भएका शाखाको संख्या कुल शाखा संख्याको २३ प्रतिशत (११५२ शाखाहरु) रहेको छ । पहुँचका हिसावले कर्णाली प्रदेशमा लघुवित्त संस्थाको उपस्थिति न्यून रहेको देखिन्छ । उक्त प्रदेशमा कुल शाखा संख्याको ४ प्रतिशत (२३३ शाखाहरु) मात्रै शाखाहरु संचालनमा रहेका छन् ।

## २.२ पुँजीकोष

लघुवित्त वित्तीय संस्थाहरुको पुँजीकोषको स्थिति समग्रमा सन्तोषजनक रहेको छ । यस बैंकबाट इजाजतपत्रप्राप्त “घ” वर्गका लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको निर्देशन- २०७९ को निर्देशन नं. १ अनुसार लघुवित्त वित्तीय संस्थाहरुले आफ्नो जोखिम भारित सम्पत्तिको आधारमा न्युनतम प्राथमिक पुँजी र पुँजीकोष क्रमशः ४ प्रतिशत र ८ प्रतिशत कायम गर्नु पर्ने वैधानिक प्रावधान रहेको छ। २०८० असार मसान्तमा समग्रमा लघुवित्त वित्तीय संस्थाहरुको जोखिम भारित सम्पत्तिको अनुपातमा प्राथमिक पुँजी र पुँजीकोष क्रमशः ११.९९ प्रतिशत र १३.३३ प्रतिशत रहेको छ। समीक्षा अवधिमा लघुवित्त वित्तीय संस्थाहरुको चुक्ता पुँजी २०७९ असार मसान्तको तुलनामा १४.२७ प्रतिशतले बढेको छ भने जोखिम भारित सम्पत्ति २.१९ प्रतिशतले घटेको देखिन्छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा लघुवित्त वित्तीय संस्थाहरुको चुक्ता पुँजी र जोखिम भारित सम्पत्ति क्रमशः २१.६४ प्रतिशत र २०.३५ प्रतिशतले बढेको थियो ।

**तालिका २.२: पुँजीकोष सम्बन्धी विवरण**

(रु. करोडमा)

| विवरण | २०७८ असार (१) | २०७९ असार (२) | २०८० असार (३) | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|
| | | | | (२-१)/(१) *१०० | (३-२)/(२) *१०० |
| चुक्ता पुँजी | २,४७३.९८ | ३,००९.३१ | ३,४३८.८० | २१.६४ | १४.२७ |
| प्राथमिक पुँजी | ४,५७३.८५ | ५,६६९.११ | ५,५९७.८१ | २३.९५ | (१.२६) |
| पुँजी कोष | ४,९९६.३५ | ६,२०८.०३ | ६,२२५.०० | २४.२५ | ०.२७ |
| जोखिम भारित सम्पत्ति | ३९,६६९.८८ | ४७,७४२.५६ | ४६,६९५.२८ | २०.३५ | (२.१९) |
| **प्राथमिक पुँजी /जोखिम भारित सम्पत्ति अनुपात (प्रतिशत)** | **११.५३** | **११.८७** | **११.९९** | | |
| **पुँजी कोष/जोखिम भारित सम्पत्ति अनुपात (प्रतिशत)** | **१२.५९** | **१३.००** | **१३.३३** | | |

## २.३ वित्तीय स्रोत संकलन

थोक कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरुको सापटी रकममा वृद्धि भएको छ । यस्ता लघुवित्त वित्तीय संस्थाहरुको प्रमुख वित्तीय स्रोत पुँजी र सापटी रहेको छ । २०८० असार मसान्तसम्ममा थोक लघुवित्त वित्तीय संस्थाहरूले ५२ अर्ब ७५ करोड वित्तीय स्रोत संकलन गरेका छन् जुन २०७९ असार मसान्तको तुलनामा ११.३५ प्रतिशतले अधिक देखिन्छ । आर्थिक वर्ष २०७८/७९ मा वित्तीय स्रोत संकलनमा १४.४९ प्रतिशतले वृद्धि भएको थियो । लघुवित्त वित्तीय संस्थाहरुले प्राथमिक पुँजीको बढीमा ३० गुणासम्म वित्तीय स्रोत परिचालन गर्नसक्ने व्यवस्था रहेको छ । २०८० असार मसान्तसम्ममा वित्तीय स्रोत संकलन अघिल्लो त्रयमासको प्राथमिक पुँजीको ५.४७ गुणा रहेको छ ।

**तालिका २.३ : वित्तीय स्रोत संकलन सम्बन्धी विवरण (थोक कर्जा प्रदायक)**

(रु.करोडमा)

| विवरण | २०७८ असार (१) | २०७९ असार (२) | २०८० असार (३) | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|
| | | | | (२-१)/(१) *१०० | (३-२)/(२) *१०० |
| (क) बचत | - | - | १८५.५६ | ० | - |
| (ख) सापटी | ४,१३७.४२ | ४,७३६.८४ | ५,०८९.०७ | १४.४९ | ७.४४ |
| **कुल वित्तीय स्रोत संकलन** | ४,१३७.४२ | ४,७३६.८४ | ५,२७४.६२ | १४.४९ | ११.३५ |
| प्राथमिक पुँजी (अघिल्लो त्रयमास) | ७२०.३८ | ८४७.५७ | ९६४.८३ | | |
| **वित्तीय स्रोत संकलन/प्राथमिक पुँजी अनुपात (गुणा)** | ५.७४ | ५.५९ | ५.४७ | | |

खुद्रा कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरुको बचत संकलन रकममा सामान्य वृद्धि भएको छ भने सापटी रकममा ह्रास आएको छ । २०८० असार मसान्तसम्ममा लघुवित्त वित्तीय संस्थाहरूले बचत संकलन रू. १ खर्ब ६५ अर्ब २४ करोड र सापटी रू. १ खर्ब

६३ अर्ब ३५ करोड गरी जम्मा रू. ३ खर्ब २८ अर्ब ५८ करोड वित्तीय स्रोत संकलन गरेका छन् । उक्त बचत संकलन र सापटी रकम अघिल्लो आर्थिक वर्ष २०७८/७९ मा क्रमशः २१.९३ र १२.१९ प्रतिशतले बढेकोमा यस आर्थिक वर्षमा बचत संकलन ३.९१ प्रतिशतले बढेको छ भने सापटी रकम १२.२८ प्रतिशतले घटेको छ । वित्तीय बजारमा बैंकहरुबाट प्राप्त हुने सापटीमा आएको संकुचनको कारण अघिल्लो आर्थिक वर्षको तुलनामा यस आर्थिक वर्षमा कुल वित्तीय स्रोत संकलनमा ह्रास आएको छ । २०७९ असार मसान्तमा खुद्रा कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरुको प्राथमिक पूँजीको ७.५७ गुणा मात्रै वित्तीय स्रोत संकलन भएकोमा २०८० असार मसान्तमा भने प्राथमिक पुँजीको ७.२१ गुणा मात्रै वित्तीय स्रोत संकलन भएको छ ।

**तालिका २.४: वित्तीय स्रोत संकलन सम्बन्धी विवरण (खुद्रा कर्जा प्रदायक)**

(रु.करोडमा)

| विवरण | २०७८ असार (१) | २०७९ असार (२) | २०८० असार (३) | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|
| | | | | (२-१)/(१) *१०० | (३-२)/(२) *१०० |
| (क) बचत | १३,०४२.५४ | १५,९०२.२८ | १६,५२३.७१ | २१.९३ | ३.९१ |
| (ख) सापटी | १६,५९७.४९ | १८,६२१.३२ | १६,३३४.७४ | १२.१९ | (१२.२८) |
| **कुल वित्तीय स्रोत संकलन** | **२९,६४०.०३** | **३४,५२३.५९** | **३२,८५८.४५** | १६.४८ | (४.८२) |
| प्राथमिक पुँजी (अघिल्लो त्रयमास) | ३,५४२.७१ | ४,५५८.८० | ४,५५८.०९ | | |
| **वित्तीय स्रोत संकलन/प्राथमिक पुँजी अनुपात (गुणा)** | **८.३७** | **७.५७** | **७.२१** | | |

## २.४ कर्जा तथा सापटी

२०८० असार मसान्तसम्ममा थोक कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरुको कुल कर्जा तथा सापटी रकममा सामान्य वृद्धि र निष्क्रिय कर्जा अनुपातमा उल्लेखनीय वृद्धि भएको छ । थोक कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरुले प्रवाह गरेको कुल कर्जा तथा सापट रकम २०७९ असारको तुलनामा ४.०९ प्रतिशतले वृद्धि भई २०८० असार मसान्तमा रू. ६० अर्ब ३१ करोड पुगेको छ । समीक्षा अवधिमा कुल कर्जा तथा सापटीमध्ये निष्क्रिय कर्जा रु. ४३ करोड अर्थात ०.७१ प्रतिशत मात्र रहेको छ । २०७९ असार मसान्तमा निष्क्रिय कर्जाको अनुपात ०.४१ प्रतिशत रहेको थियो भने २०७८ असार मसान्तमा यस्तो अनुपात ०.४४ प्रतिशत मात्र रहेको थियो । आर्थिक वर्ष २०७९/८० मा सक्रिय कर्जा ३.७७ प्रतिशतले बढेको छ भने निष्क्रिय कर्जा ८०.९८ प्रतिशतले बढेको छ । आर्थिक वर्ष २०७८/७९ मा सक्रिय कर्जा २०.२६ प्रतिशतले बढेको थियो भने निष्क्रिय कर्जा १२.०९ प्रतिशतले बढेको थियो । थोक कर्जा प्रदायक संस्थाहरुले २०८० असार मसान्तसम्ममा ४३ करोड बराबरको कर्जा पुनरतालिकिकरण गरेका छन् ।

### तालिका २.५: कर्जा तथा सापटको वर्गीकरण (थोक कर्जा )

(रु. करोडमा)

| कर्जा विवरण | २०७८ असार (१) | २०७९ असार (२) | २०८० असार (३) | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|
| | | | | (२-१)/(१) *१०० | (३-२)/(२) *१०० |
| सक्रिय कर्जा | ४,७९८.२२ | ५,७७०.३८ | ५,९८८.१९ | २०.२६ | ३.७७ |
| निष्क्रिय कर्जा | २१.०० | २३.५४ | ४२.६० | १२.०९ | ८०.९८ |
| **कुल कर्जा तथा सापट** | **४,८१९.२२** | **५,७९३.९२** | **६,०३०.७९** | **२०.२३** | **४.०९** |
| **निष्क्रिय कर्जा अनुपात** | **०.४४** | **०.४१** | **०.७१** | | |

२०८० असार मसान्तसम्ममा खुद्रा कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरुको कुल कर्जा तथा सापटमा ह्रास आएको छ भने निष्क्रिय कर्जा रकममा उच्च वृद्धि भएको छ । खुद्रा कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरुले प्रवाह गरेको कुल कर्जा तथा सापट रकम २०७९ असारको तुलनामा ५.०६ प्रतिशतले घटेर २०८० असार मसान्तमा रू. ३ खर्व ७१ अर्ब ९३ करोड पुगेको देखिन्छ । यसैगरी २०८० असार मसान्तमा निष्क्रिय कर्जा रु.२० अर्ब ५२ करोड अर्थात ५.५२ प्रतिशत रहेको छ । २०७९ असार मसान्तमा निष्क्रिय कर्जाको अनुपात २.५६ प्रतिशत रहेको थियो भने २०७८ असार मसान्तमा यस्तो अनुपात २.९७ प्रतिशत रहेको थियो । समीक्षा अवधिमा निष्क्रिय कर्जाको वृद्धिदर १०४.३३ प्रतिशत छ भने सक्रिय कर्जा ७.९४ प्रतिशतले घटेको छ जुन गत आर्थिक वर्षको सोही अवधिमा क्रमश: ६.४९ र २३.९६ प्रतिशतले बढेको थियो । खुद्रा कर्जा प्रदायक संस्थाहरुले २०८० असार मसान्तसम्ममा ४६ अर्ब ३१ करोड बराबरको कर्जा पुनरतालिकिकरण गरेका छन् ।

### तालिका २.६: कर्जा तथा सापटको वर्गीकरण (खुद्रा कर्जा)

(रु. करोडमा)

| कर्जा विवरण | २०७८ असार (१) | २०७९ असार (२) | २०८० असार (३) | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|
| | | | | (२-१)/(१) *१०० | (३-२)/(२) *१०० |
| सक्रिय कर्जा | ३०,७९३.२३ | ३८,१७०.४६ | ३५,१४१.१० | २३.९६ | (७.९४) |
| निष्क्रिय कर्जा | ९४२.९५ | १,००४.२० | २,०५१.८५ | ६.४९ | १०४.३३ |
| **कुल कर्जा तथा सापट** | **३१७३६.१८** | **३९१७४.६६** | **३७१९२.९५** | २३.४४ | (५.०६) |
| **निष्क्रिय कर्जा अनुपात** | **२.९७** | **२.५६** | **५.५२** | | |

२०८० असार मसान्तसम्ममा क्षेत्रगत कर्जा प्रवाहतर्फ लघुवित्त वित्तीय संस्थाहरुबाट कृषि क्षेत्रतर्फ कर्जा प्रवाहको हिस्सा बढेको छ । लघुवित्त वित्तीय संस्थाहरुले २०८० असार मसान्तमा प्रवाह गरेको कुल कर्जाको ४८.३२ प्रतिशत कृषि क्षेत्रमा प्रवाह भएको देखिन्छ । २०७९ असार मसान्तमा कृषि क्षेत्रमा ४६.११ प्रतिशत कर्जा प्रवाह भएको थियो । आर्थिक वर्ष २०७९/८० को चौथो त्रयमाससम्ममा लघुवित्त वित्तीय संस्थाहरुले प्रवाह गरेको कुल कर्जा मध्ये घरेलु तथा लघु उद्योग क्षेत्रमा २.९२ प्रतिशत र सेवा व्यवसाय क्षेत्रमा २६.७२ प्रतिशत कर्जा प्रवाह भएको देखिन्छ ।

**तालिका २.७: कर्जा तथा सापटको क्षेत्रगत वर्गीकरण**

| कर्जा विवरण | २०७९ असार ( रु. करोडमा ) | २०७९ असार ( प्रतिशत ) | २०८० असार ( रु. करोडमा ) | २०८० असार ( प्रतिशत ) |
|---|---|---|---|---|
| कृषि | २०,७३५.५५ | ४६.११ | २०,८८७.६३ | ४८.३२ |
| घरेलु तथा लघु उद्योग | १,५०७.५७ | ३.३५ | १,२६४.१६ | २.९२ |
| सेवा व्यवसाय | १३,६०१.७७ | ३०.२५ | ११,५४९.०५ | २६.७२ |
| थोक कर्जा | ५,७९३.९२ | १२.८८ | ६,०३०.७९ | १३.९५ |
| अन्य | ३,३२९.७७ | ७.४० | ३,४९२.११ | ८.०८ |
| **जम्मा** | **४४,९६८.५८** | **१००.००** | **४३,२२३.७४** | **१००.००** |

२०८० असार मसान्तसम्ममा थोक कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरुको कुल कर्जा नोक्सानी व्यवस्था र निष्क्रिय कर्जामा नोक्सानी व्यवस्था उल्लेख्य बढेको छ । २०८० असार मसान्तमा उक्त लघुवित्त वित्तीय संस्थाहरूको कुल कर्जा नोक्सानी व्यवस्था २०७९ असार मसान्तको तुलनामा ४३.४७ प्रतिशतले बढेर रू. १ अर्ब ५६ करोड पुगेको छ । जसमध्ये निष्क्रिय कर्जा नोक्सानी व्यवस्था २०७९ असार मसान्तको तुलनामा ११५.४५ प्रतिशतले वृद्धि भई रु. ४२ करोड पुगेको छ । अघिल्लो आर्थिक वर्षमा कुल कर्जा नोक्सानी व्यवस्था रकम १२.३५ प्रतिशतले बढेको थियो भने निष्क्रिय कर्जा नोक्सानी व्यवस्था रकम ८.१६ प्रतिशतले बढेको थियो ।

**तालिका २.८: कर्जा नोक्सानी व्यवस्था (थोक कर्जा प्रदायक)**

(रु. करोडमा)

| कर्जा विवरण | २०७८ असार (१) | २०७९ असार (२) | २०८० असार (३) | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|
| | | | | (२-१)/(१) *१०० | (३-२)/(२) *१०० |
| सक्रिय कर्जामा नोक्सानी व्यवस्था | ७८.८३ | ८९.३३ | ११४.०४ | १३.३२ | २७.६५ |
| निष्क्रिय कर्जामा नोक्सानी व्यवस्था | १८.१४ | १९.६२ | ४२.२७ | ८.१६ | ११५.४५ |
| **कुल कर्जा नोक्सानी व्यवस्था** | **९६.९७** | **१०८.९५** | **१५६.३१** | **१२.३५** | **४३.४७** |
| **कुल कर्जामा कुल कर्जा नोक्सानी व्यवस्था (अनुपात )** | **२.०१** | **१.८८** | **२.५९** | | |

२०८० असार मसान्तसम्ममा खुद्रा कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरुको कुल कर्जा नोक्सानी व्यवस्था र निष्क्रिय कर्जामा नोक्सानी व्यवस्थामा उच्च वृद्धि भएको छ । २०८० असार मसान्तमा उक्त लघुवित्त वित्तीय संस्थाहरूको कुल कर्जा नोक्सानी व्यवस्था २०७९ असार मसान्तको तुलनामा ५९.५२ प्रतिशतले बढेर रू. १६ अर्ब ९४ करोड पुगेको छ । जसमध्ये निष्क्रिय कर्जा नोक्सानी व्यवस्था २०७९ असार मसान्तको तुलनामा १०४.६३ प्रतिशतले वृद्धि भई रु. १० अर्ब ६६ करोड रहेको छ । अघिल्लो आर्थिक वर्षमा कुल कर्जा नोक्सानी व्यवस्था रकम ८.४५ प्रतिशतले बढेको थियो भने निष्क्रिय कर्जा नोक्सानी व्यवस्था रकम ७.०१ प्रतिशतले बढेको थियो ।

### तालिका २.९: कर्जा नोक्सानी व्यवस्था (खुद्रा कर्जा प्रदायक)

(रु. करोडमा)

| कर्जा विवरण | २०७८ असार (१) | २०७९ असार (२) | २०८० असार (३) | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|
| | | | | (२-१)/(१) *१०० | (३-२)/(२) *१०० |
| सक्रिय कर्जामा नोक्सानी व्यवस्था | ४९२.०४ | ५४०.६८ | ६२७.४२ | ९.८८ | १६.०४ |
| निष्क्रिय कर्जामा नोक्सानी व्यवस्था | ४८७.०२ | ५२१.१६ | १०६६.४५ | ७.०१ | १०४.६३ |
| **कुल कर्जा नोक्सानी व्यवस्था** | **९७९.०६** | **१०६१.८३** | **१६९३.८८** | **८.४५** | **५९.५२** |
| **कुल कर्जामा कुल कर्जा नोक्सानी व्यवस्था (अनुपात )** | **३.०९** | **२.७१** | **४.५५** | | |

२०८० असार मसान्तमा खुद्रा कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरुको धितो कर्जाको अंश बढेको छ भने लघु व्यवसाय कर्जाको अंश घटेको छ । २०८० असार मसान्तमा खुद्रा कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरुको धितो कर्जासँग कुल कर्जा तथा सापटको अनुपात २०.४८ प्रतिशत रहेको छ । यस्तो अनुपात २०७९ असार मसान्तमा १८.२० प्रतिशत र २०७८ असार मसान्तमा १९.१२ प्रतिशत रहेको थियो । लघु व्यवसाय कर्जाको अंश २०७९ असारमा ७४.८७ प्रतिशत रहेकोमा २०८० असारमा ७२.०७ प्रतिशत पुगेको छ ।

### तालिका २.१०: धितो कर्जा कुल कर्जा अनुपात (खुद्रा कर्जा प्रदायक)

(रु. करोडमा)

| विवरण | २०७८ असार (१) | २०७९ असार (२) | २०८० असार (३) | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|
| | | | | (२-१)/(१) *१०० | (३-२)/(२) *१०० |
| धितो कर्जा | ६,०६७.८५ | ७,१२९.९९ | ७,६१५.२७ | १७.५० | ६.८१ |
| लघु व्यवसाय कर्जा | २३,४०७.५७ | २९,३३१.८२ | २६,८०६.४९ | २५.३१ | (८.६१) |
| अन्य कर्जा | २,२६०.७७ | २,७१२.८५ | २,७७१.१९ | २०.०० | २.१५ |
| कुल कर्जा तथा सापट प्रदान | ३१,७३६.१८ | ३९,१७४.६६ | ३७,१९२.९५ | २३.४४ | (५.०६) |
| **धितो कर्जा/कुल कर्जा तथा सापट (प्रतिशत)** | **१९.१२** | **१८.२०** | **२०.४८** | | |
| लघु व्यवसाय कर्जा/ कुल कर्जा तथा सापट (प्रतिशत) | **७३.७६** | **७४.८७** | **७२.०७** | | |
| अन्य कर्जा/कुल कर्जा तथा सापट(प्रतिशत) | **७.१२** | **६.९३** | **७.४५** | | |

## २.५ लगानी

लघुवित्त वित्तीय संस्थाहरूको लगानीमा वृद्धि भएको छ । २०८० असार मसान्तमा लघुवित्त वित्तीय संस्थाहरूको कुल लगानी रु. ९ अर्ब ३४ करोड पुगेको छ जुन २०७९ असार मसान्तको तुलनामा ५३.२७ प्रतिशतले बढी हो । अघिल्लो आर्थिक वर्षमा कुल लगानी ५८.५७ प्रतिशतले घटेको थियो । लघुवित्त वित्तीय संस्थाहरूले मुद्धती निक्षेपमा २०८० असारसम्म रु. ७ अर्ब २८ करोड राखेका छन् जुन रकम २०७९ असार मसान्तको

तुलनामा ६३.६३ प्रतिशतले बढी हो । अघिल्लो आर्थिक वर्षमा मुद्धती निक्षेपमा राखेको रकम ६६.६५ प्रतिशतले घटेको थियो । लघुवित्त वित्तीय संस्थाहरूले समीक्षा अवधिमा सरकारी सुरक्षणपत्र र मुद्धती निक्षेपमा गरेको लगानी बढेको देखिन्छ ।

**तालिका २.११: लगानी विवरण**

(रु. करोडमा)

| विवरण | २०७८ असार (१) | २०७९ असार (२) | २०८० असार (३) | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|
| | | | | (२-१)/(१) *१०० | (३-२)/(२) *१०० |
| सरकारी सुरक्षणपत्र | ५५.७३ | ७५.९६ | १०५.९४ | ३६.२९ | ३९.४७ |
| शेयर तथा डिवेन्चर | १३.२६ | ९.३५ | १०.११ | (२९.४५) | ८.०९ |
| मुद्दती निक्षेप | १,३३४.७१ | ४४५.१९ | ७२८.४८ | (६६.६५) | ६३.६३ |
| अन्य लगानी | ६७.५५ | ७९.०५ | ८९.७१ | १७.०२ | १३.४९ |
| **जम्मा लगानी** | **१,४७१.२५** | **६०९.५५** | **९३४.२३** | (५८.५७) | ५३.२७ |

## २.६ जोखिम भारित सम्पत्ति र कुल सम्पत्ति

२०८० असार मसान्तमा लघुवित्त वित्तीय संस्थाहरुको कुल सम्पत्ति र जोखिम भारित सम्पत्ति दुवै घटेको छ । उक्त अवधिमा लघुवित्त वित्तीय संस्थाहरुको कुल सम्पत्ति रु. ४ खर्ब ८९ अर्ब २४ करोड पुगेको छ । यो २०७९ असार मसान्तको तुलनामा ३.६८ प्रतिशतले कम हो । अघिल्लो आर्थिक वर्षको सोही अवधिमा कुल सम्पत्ति १६.८४ प्रतिशतले बढेको थियो । २०८० असार मसान्तमा कुल जोखिम भारित सम्पत्ति (Risk Weighted Assets) कुल सम्पतिको ९५.४४ प्रतिशत रहेको छ जुन २०७९ असार मसान्तमा ९३.९९ प्रतिशत रहेको थियो ।

**तालिका २.१२: कुल सम्पत्ति र जोखिम भारित सम्पत्तिको विवरण**

(रु.करोडमा)

| विवरण | २०७८ असार (१) | २०७९ असार (२) | २०८० असार (३) | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|
| | | | | (२-१)/(१) *१०० | (३-२)/(२) *१०० |
| कुल सम्पत्ति | ४३,४७३.६८ | ५०,७९४.३२ | ४८,९२४.०५ | १६.८४ | (३.६८) |
| जोखिम भारित सम्पत्ति | ३९,६६९.८८ | ४७,७४२.५६ | ४६,६९५.२८ | २०.३५ | (२.१९) |
| **जोखिम भारित सम्पति/कुल सम्पति अनुपात (प्रतिशत)** | **९१.२५** | **९३.९९** | **९५.४४** | | |

## २.७ मुनाफा स्थिति

२०८० असार मसान्तमा थोक कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरुको खुद मुनाफामा ह्रास आएको छ । उक्त लघुवित्त वित्तीय संस्थाहरुको आर्थिक वर्ष २०७९/८० को चौथो त्रयमाससम्ममा ब्याज आम्दानी रु. ५ अर्ब ४० करोड र ब्याज खर्च रु. ३ अर्ब ४ करोड रहेको छ । समीक्षा अवधिमा यस्ता लघुवित्त वित्तीय संस्थाहरुले रु. १ अर्ब ११ करोड खुद मुनाफा गरेका छन् जुन अघिल्लो आर्थिक वर्षको तुलनामा ३२.६२ प्रतिशतले कम हो ।

**तालिका २.१३: मुनाफा स्थिति (थोक कर्जा प्रदायक)**

(रु. करोडमा)

| विवरण | २०७८ असार (१) | २०७९ असार (२) | २०८० असार (३) | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|
| | | | | (२-१)/(१) *१०० | (३-२)/(२) *१०० |
| ब्याज आम्दानी | ३६१.५१ | ५५२.३४ | ५४०.२८ | ५२.७९ | (२.१८) |
| ब्याज खर्च | १४७.३३ | २९१.४८ | ३०३.८९ | ९७.८४ | ४.२६ |
| संचालन आम्दानी | २२४.२९ | २७५.३४ | २४५.५७ | २२.७६ | (१०.८१) |
| **खुद नाफा/नोक्सान** | **१०६.६९** | **१६५.३०** | **१११.३९** | **५४.९४** | **(३२.६२)** |

समग्रमा खुद्रा कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरुको खुद मुनाफामा ह्रास आएको छ। उक्त लघुवित्त वित्तीय संस्थाहरुको २०७९ असार मसान्तमा खुद मुनाफा रु. १० अर्ब ५६ करोड रहेकोमा ७१.३८ प्रतिशतले ह्रास भई २०८० असार मसान्तमा खुद मुनाफा ३ अर्ब २ करोड पुगेको छ। उक्त लघुवित्त वित्तीय संस्थाहरुको आर्थिक वर्ष २०७९/८० मा ब्याज आम्दानी रु. ५६ अर्ब २८ करोड र ब्याज खर्च रु. ३३ अर्ब ९३ करोड रहेको छ (तालिका २.१४)। यस अवधिमा सञ्चालित ५४ वटा खुद्रा कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरु मध्ये ९ वटा लघुवित्त वित्तीय संस्थाहरु खुद नोक्सानीमा रहेको देखिन्छ।

**तालिका २.१४: मुनाफा स्थिति (खुद्रा कर्जा प्रदायक)**

(रु. करोडमा)

| विवरण | २०७८ असार (१) | २०७९ असार (२) | २०८० असार (३) | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|
| | | | | (२-१)/(१) *१०० | (३-२)/(२) *१०० |
| ब्याज आम्दानी | ४,१६८.८१ | ५,४४४.७९ | ५,६२७.८८ | ३०.६१ | ३.३६ |
| ब्याज खर्च | १,६८०.६१ | २,७६०.७३ | ३,३९२.६७ | ६४.२७ | २२.८९ |
| संचालन आम्दानी | ३,१३८.९५ | ३,३७५.७५ | २,६८३.८४ | ७.५४ | (२०.५०) |
| **खुद नाफा/नोक्सान** | १,०७५.९२ | १,०५६.४८ | ३०२.३६ | -१.८१ | (७१.३८) |

## २.८ तरलता स्थिति

समीक्षा अवधिमा सर्वसाधारणबाट निक्षेप संकलन गर्ने लघुवित्त वित्तीय संस्थाहरुको तरल सम्पत्तिमा वृद्धि भएको छ। सर्वसाधारणबाट निक्षेप संकलन गर्ने लघुवित्त वित्तीय संस्थाहरु निर्धन उत्थान लघुवित्त वित्तीय संस्था र छिमेक लघुवित्त वित्तीय संस्था मात्र रहेका छन्। २०८० असार मसान्तमा उक्त लघुवित्त वित्तीय संस्थाहरुको तरल सम्पत्तिमा २०७९ असारको तुलनामा ७४.९९ प्रतिशतले वृद्धि भई रु. ६ अर्ब २८ करोड पुगेको छ।

### तालिका २.१५: तरलता स्थिति (सर्वसाधारणबाट निक्षेप संकलन गर्ने संस्था)

(रू. करोडमा)

| विवरण | २०७८ असार (१) | २०७९ असार (२) | २०८० असार (३) | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|
| | | | | (२-१)/(१) *१०० | (३-२)/(२) *१०० |
| नगद | ४.५४ | ३.४९ | ४.११ | (२३.१०) | १७.६५ |
| नेपाल राष्ट्र बैंक मौज्दात | ९४.९३ | १०१.१० | १३८.९९ | ६.५० | ३७.४७ |
| बैंक तथा बित्तीय संस्था मौज्दात | २१२.५७ | १७८.३५ | ४०५.७८ | (१६.१०) | १२७.५२ |
| सरकारी सुरक्षणपत्रमा लगानी | ५५.७३ | ७५.९६ | ७९.१६ | ३६.२९ | ४.२२ |
| **कुल तरल सम्पत्ति** | **३६७.७८** | **३५८.९१** | **६२८.०४** | (२.४१) | **७४.९९** |
| कुल निक्षेप (अघिल्लो त्रयमास) | ३,७२०.५० | ४,३३७.६८ | ४,९२८.६१ | | |
| कुल सापटी (अघिल्लो त्रयमास) | १,२७४.२७ | १,१९८.४९ | १,००२.०९ | | |
| **तरल सम्पत्ति/ कुल निक्षेप (प्रतिशत)** | **९.८९** | **८.९७** | **१२.७४** | | |
| **तरल सम्पत्ति/ कुल निक्षेप तथा सापटी (प्रतिशत)** | **७.३६** | **६.९७** | **१०.५९** | | |
| **वैधानिक तरलता अनुपात** | **४.२५** | ४.२० | **४.५** | | |
| **अनिवार्य मौज्दात अनुपात** | **२.४५** | **३.१८** | **३.५४** | | |

२०८० असार मसान्तमा तरल सम्पत्ति/कुल निक्षेप अनुपात १२.७४ प्रतिशत रहेको छ। २०७९ असार र २०७८ असार मसान्तमा यस्तो अनुपात क्रमशः ८.९७ प्रतिशत र ९.८९ प्रतिशत रहेको थियो । सर्वसाधारणबाट निक्षेप संकलन गर्ने लघुवित्त वित्तीय संस्थाहरुको २०८० असार महिनाको वैधानिक तरलता अनुपात र अनिवार्य मौज्दात अनुपात क्रमशः ४.५ प्रतिशत र ३.५४ प्रतिशत रहेको छ । समग्रमा सर्वसाधारणबाट निक्षेप संकलन गर्ने लघुवित्त वित्तीय संस्थाहरुको अनिवार्य नगद मौज्दात र वैधानिक तरलता अनुपात तोकिएको न्यूनतम दरभन्दा बढी नै रहेको छ ।

### तालिका २.१६: तरलता स्थिति (सर्वसाधारणबाट निक्षेप संकलन नगर्ने संस्था)

(रू.करोडमा)

| विवरण | २०७८ असार (१) | २०७९ असार (२) | २०८० असार (३) | प्रतिशत परिवर्तन (२-१)/(१) *१०० | प्रतिशत परिवर्तन (३-२)/(२) *१०० |
|---|---|---|---|---|---|
| नगद | ४७.५७ | ३३.६५ | ४५.३१ | (२९.२६) | ३४.६७ |
| नेपाल राष्ट्र बैंक मौज्दात | ७१.४० | ७५.२१ | ९४.५५ | ५.३४ | २५.७१ |
| बैंक तथा वित्तीय संस्था मौज्दात | २,३९७.८३ | १,६४०.१५ | २,००७.५९ | (३१.६०) | २२.४० |
| सरकारी सुरक्षणपत्रमा लगानी | - | - | २६.७८ | - | - |
| **कुल तरल सम्पत्ति** | **२,५१६.८०** | **१,७४९.०१** | **२,१७४.२३** | **(३०.५१)** | **२४.३१** |
| कुल बचत (अघिल्लो त्रयमास) | ९,०००.३३ | १०,९२४.६४ | ११,९१८.२९ | | |
| कुल सापटी (अघिल्लो | १९,०७१.६६ | २२,४६९.८८ | २०,९१३.७२ | | |
| तरल सम्पत्ति/ कुल बचत (प्रतिशत) | **२७.९६** | **१७.८६** | **१८.२४** | | |
| तरल सम्पत्ति/ कुल बचत तथा सापटी (प्रतिशत) | **८.९७** | **५.५६** | **६.६२** | | |
| अनिवार्य मौज्दात अनुपात | **०.५५** | **०.६०** | **०.६३** | | |

सर्वसाधारणबाट निक्षेप संकलन नगर्ने लघुवित्त वित्तीय संस्थाहरुको कुल तरल सम्पत्तिमा वृद्धि भएको छ । सर्वसाधारणबाट निक्षेप संकलन नगर्ने लघुवित्त वित्तीय संस्थाहरुको २०८० असार मसान्तमा तरल सम्पत्ति २०७९ असारको तुलनामा २४.३१ प्रतिशतले वृद्धि भई रु. २१ अर्ब ७४ करोड पुगेको छ। २०७९ असार मसान्तमा १७.८६ प्रतिशत रहेको तरल सम्पत्ति/कुल बचत अनुपात २०८० असार मसान्तमा भने १८.२४ प्रतिशत पुगेको छ। समीक्षा अवधिमा सर्वसाधारणबाट निक्षेप संकलन नगर्ने लघुवित्त वित्तीय संस्थाहरुको बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दात घटेको छ। समग्रमा सर्वसाधारणबाट निक्षेप संकलन नगर्ने लघुवित्त वित्तीय संस्थाहरुको २०८० असार महिनाको अनिवार्य मौज्दात अनुपात ०.६३ प्रतिशत रहेको छ (तालिका २.१६)।

# खण्ड (३)

## निर्देशन पालनाको स्थिति

नेपाल राष्ट्र बैंकबाट जारी निर्देशनहरु अन्तर्गत पुँजीकोष, वित्तीय स्रोत संकलन, अनिवार्य मौज्दात, कर्जा वर्गीकरण तथा नोक्सानी व्यवस्था, प्रति ग्राहक कर्जा सीमा, ब्याजदर सम्बन्धी व्यवस्था, लगानी सम्बन्धी व्यवस्था आदिको निर्देशन पालना सम्बन्धमा विभिन्न वित्तीय संस्थाहरुको स्थिति यस खण्डमा विश्लेषण गरिएको छ ।

### ३.१ पुँजीकोष अनुपात

यस बैंकको निर्देशन बमोजिम लघुवित्त वित्तीय संस्थाहरूले कुल जोखिम भारित सम्पत्तिको ४ प्रतिशत प्राथमिक पुँजी र ८ प्रतिशत पुँजीकोष कायम गर्नुपर्ने व्यवस्था रहेकोमा २०८० असार मसान्तको अपरिष्कृत वित्तीय विवरणको आधारमा सुपर लघुवित्त वित्तीय संस्था लि. को पुँजीकोष ८ प्रतिशत भन्दा कम रहेको देखिन्छ । उक्त संस्थालाई शीघ्र सुधारात्मक कारवाही सम्बन्धी विनियमावली २०७४ को विनियम ३ बमोजिमको कारवाही गरिएको छ । साथै उक्त संस्थालाई मिति २०७९/०५/२२ मा नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ८६(ख) बमोजिम समस्याग्रस्त वित्तीय संस्थाको रुपमा घोषणा गरी संस्थाको व्यवस्थापन नियन्त्रणमा लिइएको छ । बाँकी ५६ वटा लघुवित्त वित्तीय संस्थाहरूले पुँजीकोष सम्बन्धी निर्देशनको पालना गरेको देखिन्छ ।

### ३.२ वित्तीय स्रोत संकलन

अघिल्लो त्रयमासमा कायम रहेको प्राथमिक पुँजीको बढीमा ३० गुणासम्म वित्तीय स्रोत संकलन गर्न पाउने विद्यमान व्यवस्था रहेकोमा २०८० असार मसान्तमा सम्पूर्ण लघुवित्त वित्तीय संस्थाहरूले सो निर्देशनको पालना गरेको देखिन्छ ।

### ३.३ कर्जा वर्गीकरण तथा कर्जा नोक्सानी व्यवस्था

**(क) सक्रिय कर्जा नोक्सानी व्यवस्था**

यस बैंकको निर्देशन बमोजिम २०८० असार मसान्तमा लघुवित्त वित्तीय संस्थाले असल कर्जाका लागि १.३ प्रतिशत र सुक्ष्म निगरानी र पुनरसंरचना/पुर्नतालीकिकरण कर्जाका लागि ५ प्रतिशत तथा बीमित कर्जाको हकमा उपरोक्त व्यवस्थाको २५ प्रतिशत नोक्सानी व्यवस्था कायम गरेको देखिन्छ । साथै सक्रिय कर्जाका लागि कुल कर्जा रकमको १.७२ प्रतिशत बराबर कर्जा नोक्सानी व्यवस्था कायम गरेको देखिन्छ ।

**(ख) निष्क्रिय कर्जा नोक्सानी व्यवस्था**

यस बैंकको निर्देशन बमोजिम २०८० असार मसान्तमा लघुवित्त वित्तीय संस्थाले निष्क्रिय कर्जा लाई कमसल, शंकास्पद र खराब कर्जामा वर्गीकरण गरी क्रमश २५, ५० र १०० प्रतिशत तथा बीमित कर्जाको हकमा उपरोक्त व्यवस्थाको २५ प्रतिशत नोक्सानी व्यवस्था कायम गरेको देखिन्छ ।

२०८० असार मसान्तमा लघुवित्त वित्तीय संस्थाहरुको कुल कर्जामा निष्क्रिय कर्जा अनुपात ४.८५ प्रतिशत रहेको देखिन्छ । साथै निष्क्रिय कर्जाका लागि कुल कर्जा रकमको २.५७ प्रतिशत बराबर कर्जा नोक्सानी व्यवस्था कायम गरेको देखिन्छ ।

२०८० असार मसान्तसम्ममा लघुवित्त वित्तीय संस्थाहरुले रु १८ अर्ब ५० करोड बराबर कर्जा नोक्सानी व्यवस्था कायम गरेका छन् । उक्त रकम कुल बाँकी कर्जाको ४.२८ प्रतिशत र निष्कृय कर्जाको ८८.३४ प्रतिशत रहेको देखिन्छ ।

## ३.४ धितो कर्जा र कुल कर्जा अनुपात

लघुवित्त वित्तीय संस्थाहरुले आफूले प्रदान गरेको कुल कर्जाको एक-तिहाईमा नबढ्ने गरी धितो लिई लघु उद्यम कर्जा प्रदान गर्नसक्ने व्यवस्था रहेकोमा आर्थिक वर्ष २०८० असार मसान्तमा धितो कर्जा कुल कर्जाको २०.४८ प्रतिशत रहेको देखिन्छ ।

## ३.५ अनिवार्य मौज्दात अनुपात

यस बैंकबाट इजाजतपत्रप्राप्त "घ" वर्गका लघुवित्त वित्तीय संस्थाहरुले कुल बचत दायित्वको ०.५ प्रतिशत (सर्वसाधारणबाट निक्षेप संकलन गर्नेको हकमा २ प्रतिशत) अनिवार्य मौज्दात अनुपात कायम गर्नुपर्ने व्यवस्था रहेकोमा २०८० असार मसान्तमा सबै लघुवित्त वित्तीय संस्थाहरुले सो निर्देशनको पालना गरेको देखिन्छ ।

## ३.६ तरल सम्पत्ति अनुपात

यस बैंकबाट इजाजतपत्रप्राप्त "घ" वर्गका लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको निर्देशन २०७९ अनुसार सर्वसाधारणबाट निक्षेप संकलन नगर्ने "घ" वर्गका लघुवित्त वित्तीय संस्थाहरुले आफ्नो कुल बचत दायित्वको २.५ प्रतिशत तरल सम्पत्ति अनुपात तथा सर्वसाधारणबाट निक्षेप संकलन गर्ने "घ" वर्गका लघुवित्त वित्तीय संस्थाहरुले आफ्नो कुल बचत तथा निक्षेप दायित्वको ४ प्रतिशत वैधानिक तरलता अनुपात कायम गर्नुपर्ने व्यवस्था रहेकोमा २०८० असार मसान्तमा सम्पूर्ण लघुवित्त वित्तीय संस्थाहरुले सो व्यवस्थाको पालना गरेको देखिन्छ ।

## ३.७ निक्षेप/बचतको व्याजदर सम्बन्धमा

यस बैंकबाट इजाजतपत्रप्राप्त "घ" वर्गका लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको निर्देशन २०७९ अनुसार लघुवित्त वित्तीय संस्थाले प्रवाह गरेको कर्जाको अधिकतम ब्याजदरको कम्तीमा ५० प्रतिशत हुने गरी निक्षेप/बचतको न्यूनतम ब्याजदर तय गर्नुपर्नेछ भन्ने व्यवस्था रहेकोमा ५४ वटा खुद्रा कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरुमध्ये लक्ष्मी लघुवित्त, विन नेपाल लघुवित्त, महिला लघुवित्त, आत्मनिर्भर लघुवित्त र सुपर लघुवित्त वित्तीय संस्था लि. बाहेक अन्य सबै संस्थाले उक्त व्यवस्थाको पालना गरेको देखिन्छ ।

## ३.८ नेपाल राष्ट्र बैंकमा पठाउनुपर्ने विवरण सम्बन्धमा

यस बैंकबाट जारी भएको निर्देशन नं. ९ बमोजिम वित्तीय विवरणहरु यस बैंकमा पठाउनु पर्ने व्यवस्थाको सम्बन्धमा २०८० असार मसान्तसम्ममा सम्पूर्ण लघुवित्त वित्तीय संस्थाहरुले आवश्यक कागजात तथा वित्तीय विवरणहरु पठाइरहेको देखिन्छ ।

-०-